# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।१५ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------

भारतको नयाँदिल्लीबाट बाँकेको नेपालगन्ज हुँदै मिति २०७५।१२।३० गते काठमाडौं आएको ना.५ ख. ४८४२ नं.को यात्रुवाहक बसले भन्सार छली तस्करीका सामानहरु ल्याइरहेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी बृत्त स्वयम्भुबाट खटी गएको प्रहरी टोलीले का.जि.का.म.न.पा. वडा नं.१५ चमतीबाट उक्त बसलाई नियन्त्रणमा लिई चेकजाँच गर्दा राजश्व छली गरी ल्याइएको लत्ता कपडा बरामद भएकोमा उक्त राजश्व छली गरी ल्याइएका सामान छुटाउने प्रयोजनका लागि प्रहरीलाई सो गाडीका चालक श्याम बिश्वकर्माले रु.३,००,०००।- (तीन लाख), दिपा राना र भरत तामाङले रु.५०,०००। -(पचास हजार) गरी जम्मा रु.३,५०,०००। - (तीन लाख पचास हजार) घुस रकम दिन खोज्दा प्रहरीले उक्त घुस दिन ल्याएको रकमसहित निजहरु गाडी चालक श्याम बिश्वकर्मा, दिपा राना र भरत तामाङलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज श्याम विश्वकर्माले लामो समयदेखि भन्सार छली गरी भारतको दिल्लीबाट व्यापारीक प्रयोजनका सामानहरू ल्याउने गरेकोमा मिति २०७५।१२।३० गते सामान सहितको गाडी नियन्त्रणमा आएकोले उक्त बसको छतमा फल्स बटम बनाई अवैध भन्सार छली गरी ल्याइएका सामानहरू, सो बस र सामानहरू छुटाउनका लागि बसका चालक श्याम बिश्वकर्मा समेतले जम्मा रु.३,५०,०००। - (तीनलाख पचास हजार) घुस रिसवत दिएको पुष्टि हुन आएकोले निज सवारी चालक श्याम बिश्वकर्मा र सामान धनिहरू हिटलर शाक्य र दोर्जी डोल्मा लामाले उक्त सामानहरू छुटाउनका लागि महानगरीय प्रहरी वृत्त स्वयम्भूका प्रहरी कर्मचारीहरूलाई घुस दिएको तथ्य स्थापित भई निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजहरूलाई बरामद भएको बिगो रु.३,००,०००। - (तीन लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा(१) को देहाय (घ) बमोजिम तथा उक्त घुस रिसवत दिने कार्यमा दिपा राना समेतको संलग्नता रहेकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु.५०,०००। - (पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा(१) को देहाय (ख) बमोजिम सजाय हुन मागदावी लिइ मिति २०७६।०१।१२ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता